# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४५ असार २०५८ वर्ष १८ अङ्क ३


## धम्मवाणी

*सन्तिवादोति सन्तिवादो मुनि ताणवादो लेणवादो सरणवादो अभयवादो अच्चुतवादो अमतवादो निब्बानवादोति एवं मुनि सन्तिवादो ।*

*–महानिद्देसपालि*

**शान्तिवादी मुनि भगवान बुद्ध त्राणवादी हुनुहुन्छ, संरक्षण वादी हुनुहुन्छ, शरणवादी हुनुहुन्छ, अभयवादी हुनुहुन्छ, अच्युतवादी हुनुहुन्छ, अमृतवादी हुनुहुन्छ, निर्वाणवादी हुनुहुन्छ – यस्तो शान्तिवादी हुनुहुन्छ भगवान बुद्ध ।**

## प्राचीन ब्राम्हण धर्म

भगवान श्रावस्तीमा विहार गरिरहनु भएको थियो । त्यस समयमा कोशलका धेरै युवक, बूढो तथा धनी धनी ब्राह्मणहरू भगवानको धर्म सुन्न आए । ती मध्ये एकजनाले प्रश्न सोधे कि आजकल पनि पुरातन ब्राम्हण धर्म अनुसार जीवन जिउने कोही ब्राम्हण छ ?

भगवानले उत्तर दिनुभयो – आजकल त्यस्तो ब्राम्हण छैन । ती ब्राम्हणहरूले पुरातन ब्राम्हण चर्याको विषयमा भगवान बाट सुन्न चाहे । भगवानले उनीहरूलाई त्यस विषयमा सविस्तार वर्णन गर्नु भयो ।

पुराना ब्राम्हण ऋषी आत्मसंयमित र तपस्वी हुन्थे । उनीहरूले पाँच प्रकारका इन्द्रिय सुखलाई त्यागेर आफ्नो कल्याण हुने काम गर्दथ्यो । ती ब्राम्हणहरूसंग धन-धान्य, पशु तथा सुनचाँदी केही हुदैनथ्यो । स्व अध्ययन अर्थात आफू भित्र जान्नु नै उनीहरूको धन थियो र यस धर्मलाई पालन गरेर यसको सुरक्षा गर्दथ्यो ।

गृहस्थीहरू श्रद्धा पूर्वक उनीहरूका लागि खाना पकाएर ढोकामा राख्थे । कोही ब्राम्हणले माग्न आयो भने योग्य सम्झेर दान दिन्थे । समृद्ध जनपद तथा राष्ट्रको मानिसहरूले विभिन्न प्रकारका रंगीन वस्त्र, विछ्यौना र निवास स्थान बनाएर दान गर्दथे । ब्राम्हणलाई कुनै नियम थिएन, तिनीहरूले धर्मको रक्षा गर्थ्यो भने धर्मले तिनीहरूको रक्षा गर्दथ्यो । सबै गृहस्थका घरमा उनीहरूको प्रवेशका लागि ढोका खुल्ला थियो । प्राचीन समयका ब्राम्हणहरू अठ्चालीस (४८) बर्ष सम्म बाल-ब्रम्हचारी रहन्थ्यो र विद्या र आचरणलाई राम्ररी पालना गर्दथ्यो ।

गृहस्थ ब्राम्हणहरू आफ्नो जीवनको लागि अन्य स्त्री समक्ष जान्दैनथे परस्पर प्रेम भएका स्त्री संग आफ्नो जीवन बिताउँथे । यिनीहरू ब्रम्हचर्य, शील, सरलता, नम्रता, तप, सौजन्य, अहिंसा तथा क्षमा आदि मनपराउँथे ती मध्ये ब्रम्हा कहलिएका ब्राम्हण गृहस्थ जीवनमा प्रवेश नै गर्दैनथे तिनीहरू आजीवन अखण्ड ब्रम्हचर्यको पालना गर्दथे । यिनीहरूको आचरण अनुसरण गर्ने अन्य विज्ञ व्यक्तिहरू ब्रम्हचर्य, शील र क्षमाको प्रशंसक हुन्थे र धार्मिक रीति पूर्वक चामल, घ्यू, तेल मागेर ल्याउँथे र यज्ञ गर्दथे । भगवानले यो पनि बताउनु भयो कि यज्ञमा गाईको बलि दिइदैनथे । भगवानले गाईको गुण बारे वर्णन गर्नुभयो । आमा, बुबा, दाजु, भाइ तथा अन्य साथी भाई झैं गाई पनि हाम्रो परम मित्र हो । गाईलाई जोतिन्छ त्यसको गोबरमा वनस्पति तथा औषधि उब्जीन्छ । उब्जेको अन्न खाएर नै बल, सुख र वर्ण हामीले प्राप्त गर्दछौं । त्यसैले गाईको हत्या गरिदैन । सुकुमार, महाकाय, वर्णवत र यशस्वी ब्राम्हण आफ्नो धर्मको साथ-साथै कर्तव्य पालन गर्न तत्पर थिए त्यसैले त्यस समयका प्रजा सुखी थिए ।

दुर्भाग्यले यो अवस्था विग्र्यो । ब्राम्हणहरू तपश्या र त्यागको प्राचीन नैतिक जीवनबाट पतित भए र तिनीहरूको अघो पतन भएको एउटा सजीव चित्र पनि भगवानले प्रस्तुत गर्नुभयो । भगवानले भन्नुभयो राजाको विशाल सम्पत्ति तर्फ ब्राम्हणको ध्यानाकर्षण भयो । राजाको वरिपरि रहने सुन्दर स्त्रीहरू, राम्रा बुट्टेदार रथ, थूप्रै कोठाहरू भएको दरबार, अलंकृत पहिरण तिर आकर्षित हुँदै गयो । तिनीहरूको दाँजोमा आफ्नो सादा-रुखो जीवनमा केही रस देखेन, मनमा कामनाहरू उब्जीन थाले । र विस्तारै सुन्दर नारीहरू प्रति आकर्षित भए । यस प्रकार पुरातन समयका सात्विक ब्राम्हणहरूको पतन आरम्भ भयो । र ठग विद्या द्वारा राजालाई आफ्नो वशमा राखे । आफूले मन्त्र रचेर इक्ष्वाकु राजाकहाँ गएर भने कि राजा तिमी धन धान्य सम्पन्न छौ, यज्ञ गर । तिमी सम्पत्तिशाली छौ, यज्ञ गर । र राजाले ब्राम्हणको कूरा



Downloaded from http://www.dhamma.digital

स्वीकार गरी अश्वमेघ, नरमेघ, सम्मापास, वाजपेय र निरर्गल नामका यज्ञहरू गरे र पुरोहित ब्राम्हणहरूलाई धन दिए। गाई, खाता, वस्त्र, आभूषण धारी स्त्री, असल घोडा, सुसज्जित बुट्टादार रथ र धन-धान्यले भरपूर भव्य भवन ब्राम्हणहरूलाई दक्षिणा स्वरूप प्रदान गरे । यस वर्णनबाट स्पष्ट हुन्छ की पूर्वकालीन ब्राम्हण यसप्रकारका विलासी सामग्रीहरू दानमा लिईदैन थिए होलान्। त्यागी जीवनको लागि जति आवश्यक थियो त्यति नै दक्षिणा स्वीकार गर्दथ्यो । यहाँ यो पनि स्पष्ट हुन आउँछ कि राजालाई राज्य वैभव बढ्ने र युद्धमा जित्ने प्रलोभन देखाएर हिंसक यज्ञहरू रचेका हुन् । यसको वदला आफूलाई विलासमय, वैभवमय जीवन यापन गर्ने मार्ग खोल्यो । यसप्रकार त्यागी, तपस्वी ब्राम्हणहरूको पतन भयो। यति मात्र होइन कि कोही उचाईबाट चिप्लेर लड्यो भने कति तल खस्छ भन्ने थाहा हुँदैन। यस्तै भयो र अघोपतन घोर अघोपतनमा बदल्यो ।

धन प्राप्त भए पछि ब्राम्हणहरूले त्यसको संग्रह, परिग्रह गर्ने काम शुरु गर्यो। आफ्नो इच्छा पूरा गर्न निमग्न हुन थाले, तृष्णा बढ्दै गयो ।

नयाँ मन्त्र रचेर तिनीहरू फेरि इक्ष्वाकु राजा समक्ष भेट्न गए। यस मन्त्रमा अधिक बल छ। यसबाट राज्य वैभव अधिक समृद्ध हुन्छ भन्ने आश्वासन दिए। एकातिर आफ्नो तृष्णा बढ्यो अर्को तिर राजाको तृष्णा बढ्यो र यज्ञको नाममा हुने अर्थ अनर्थमा बड्ल्यो । यसबाट एउटा अनुमान गर्न सकिन्छ कि पूर्वकालका ब्राम्हण निरामिष भोजन गर्दथे। हिंसात्मक यज्ञ यसकारण गर्न लगायो होला कि उनीहरू पनि अरुले झैं मांस-भक्षण गर्न सकून्। सामान्यतया मासु खानु एकदम लज्जास्पद कुरा हुन गयो होला । परन्तु देवताको प्रसादको रुपमा खायो भने मानिसहरूले केही भन्दैन भन्ने सोचे । यसप्रकार ब्राम्हणहरूले मासु खान थाले । अन्य प्राणीहरूको मासु खाँदा खाँदा गाईको मासु खाने इच्छा पनि प्रबल भयो होला । त्यस समय सम्म सायद भारतमा गाईको हत्या गरिदैन थियो। जुन गाईले दिएको दूधबाट बनिने अनेक परिष्कार यति स्वादिष्ट हुन्छ भने गाईको मासू त झन कति स्वादिष्ट होला भन्ने सोचेर गो-मेघ यज्ञ जस्ता नयाँ मन्त्र रचे होलान् । र यस्तो यज्ञ गऱ्यो भने राजाले अपार राज्य वैभव प्राप्त गर्नेछ भन्ने आश्वासन दिएर लोभी पुरोहित र लालची राजाको गठवन्धनबाट देशमा पहिलो पटक गाईको हत्या गरियो।

गाईको हत्या गर्नको लागि नयाँ मन्त्र रचेर राजा समक्ष आए र जस्तो पानी, पृथ्वी, सुन तथा अन्य धन छ त्यस्तै नै गाई पनि मनुष्यको लागि नै हो । त्यो पनि उपभोग गर्ने वस्तु हो । यसरी प्रेरीत गरेर गाईको हत्या गर्ने यज्ञ गरायो र राजाले पनि उनीहरूको कुरा सुनेर हजारौं गाई हत्या गरेर यज्ञ गरे ।

यस कार्यदेखि देवता, पितृ, इन्द्र र असुरहरूले यस अधार्मिक कार्य प्रति विद्रोह गरे । यस अघि सायद गाईको हत्या हुदैन थियो। भगवान बुद्धले गाईको गुणबारे वर्णन गर्नु भएको छ, कि गाईले कसैको हिंसा गर्दैन न खुट्टाले न सिंगले न अन्य कुनै अंगबाट। गाई भद्र हुन्छ, गाग्री भरी दूध दिन्छ। त्यस्तो गाईलाई सिंग समातेर अन्य शस्त्रको प्रयोग गरी हत्या गरायो ।

जबसम्म यज्ञ केवल अन्न, तेल, घ्यू, तील तथा अन्य दालका प्रकारबाट हुन्थ्यो तब सम्म यज्ञ गर्न लायक थियो। तर जब यज्ञमा अधिक पशुहरू बलि दिन थाल्यो तब पवित्र यज्ञ स्थल पशु हत्या गर्ने स्थल झैं हुन गयो। सदाचारको जीवन जिउने पूज्य तपस्वी ब्राम्हणको जीवन एक हत्याराको जीवन झैं हुन गयो अझ भनौं यस हत्यालाई धर्मको कवच लगाई दिएर त साधारण बगरे भन्दा पनि अधिक गए-गुज्रेको हुन गयो। यज्ञस्थलमा गाईको हिंसा गर्न थाले पछि त उनको अवस्था झन भयंकर भयो । यसकार्यमा साथ दिने र यज्ञ गराउने त्यसको सहयोग गर्ने समाजका व्यक्तिहरूको अघो पतन हुन गयो । दु:खले ग्रसित हुन गयो ।

पहिला केवल तीन प्रकारका रोग थिए। पहिलो इच्छा, दोस्रो भोक र तेस्रो बूढो हुनु । पशुको हत्या हुन थाले पछि अन्ठानब्बे प्रकारका रोग हुन थाले ।

धर्मको नाममा पशुको हत्या आरम्भ भयो। यही अनर्थ भयो, अधर्म भयो। धर्मको नाममा जब गाईको हत्या गरियो तब घोर अनर्थ भयो । घोर अधर्म भयो । धर्मको नाममा चलिरहेको यो अधर्म र अनर्थलाई रोक्न भगवान तत्पर हुनुहुन्थ्यो ताकि जुन दोषमा सारासमाज निमग्न थिए उनीहरूलाई दोष मुक्त गर्न सकुन्। जस्को कारण ब्राम्हण समाजको अघो पतन भएको थियो तिनीहरूलाई त्यसबाट निकाल्न सकुन्। जहाँ, जब जब अवसर आयो तब तब भगवानले यस दूषित प्रथालाई हटाउने भरसक प्रयत्न गर्नु भयो। प्रज्ञा र करुणाले परिपूर्ण भएर प्रयत्न गर्नुभयो। (साभार – त्रिपिटक में सम्यक सम्बुद्ध भाग १)

धर्म गाथा प्रायोजन गर्न अनुरोध

यस पत्रिकामा प्रकाशित भइरहेको धर्मगाथा सबै साधक साधिकाहरूले प्रायोजन गर्न सक्नेछन्। उक्त गाथा प्रायोजन गरी साधक साधिकाहरूको लागि पूण्यसंचय गर्ने कार्यमा सहयोगी वन्नुहोस्। यसको लागि ज्योति भवनमा सम्पर्क राख्नुहोला।



Downloaded from http://www.dhamma.digital

## पूज्य गुरुजीको नेपाल भ्रमण

पूज्य गुरुजी तथा माताजी गत अप्रिल महिनाको २६ तारिकका दिन नेपाल आउनु भएको थियो। उहाँहरू नेपाल विपशयना केन्द्र धर्मश्रृङ्गमा करीब डेढ महिना बस्नुभयो। यस अवधिमा विशेषत: गुरुजी लेखन कार्यमा व्यस्त हुनुहुन्थ्यो। आफ्नो व्यस्तताको बाबजुड उहाँले आचार्य, सहायक आचार्य, ट्रष्टी तथा साधक साधिकाहरूलाई भेट्नुका साथै आवश्यक निर्देशन दिनु भयो।

पूज्य जुरुजी तथा माताजीको हिमालय प्रदेश प्रति अगाध श्रद्धा थियो। हिमालय जहाँ असंख्य ऋषिमुनि तथा पूण्य शाली व्यक्तित्वहरूले आफूलाई दु:ख विमुक्त गरेको पूण्यभूमि जहाँ असंख्य तपश्वीहरूले तप गरेको पावन भूमि, यस प्रदेश प्रति उहाँको अनन्त श्रद्धा थियो। अत: यस पटकको नेपाल आगमनमा गुरुजी तथा माताजीले पहिलो पल्ट २३ मई का दिन हिमालयको दृश्यावलोकन गर्नु भयो।

उहाँले २५ मई मा नेपालका भिक्षु तथा अनागारिका हरूका लागि संघदान गर्नु भएको थियो। यस दानको आयोजना धर्मश्रृङ्गमा गरिएको थियो र अधिक भन्दा अधिक साधक-साधिकाहरूले दान कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भएको थियो।

भगवान बुद्धको समयदेखि गुरु-शिष्य परम्परा हुँदै यो मुक्तिदायिनी मार्ग विपश्यना हामीलाई सहजै प्राप्त भएको छ। तथागतको कल्याणी शिक्षालाई शुद्ध रूपमा आजसम्म संचय गरि राख्नुमा भिक्षु परम्पराले ठूलो योगदान गरेको छ। अत: यस परम्परा प्रति पूज्य गुरुजी अति कृतज्ञ हुनु हुन्छ। उहाँहरू प्रति श्रद्धावान हुनुहुन्छ।

भिक्षु संघलाई दान दिने तथा उहाँहरूको सन्मान उहाँले नेपालमा पहिलो विपश्यना शिविर सञ्चालन गर्नु भए पछि पटक पटक गर्दै आउनु भएको छ।

३० मई मा नेपाल राष्ट्रिय मारवाडी परिषदको आयोजनामा व्यापार तथा धर्म विषयमा प्रवचन दिनु भएको थियो।

यसको अलावा उहाँ धर्मश्रृङ्गमा रहनु हुँदा सञ्चालन भएका शिविरहरूमा सम्मिलित साधक साधिकाहरू तथा २५४५ सौं बुद्ध जयन्तीको दिनमा सञ्चालन गरिएको एक दिवसीय शिविरका करिव ५०० साधक साधिकाहरूले पनि गुरुजीबाट मैत्री ग्रहण गर्ने अवसर पाएका थिए।

यसरी आफ्नो व्यस्त कार्यक्रमका साथ उहाँ धर्मश्रृङ्गमा डेढ महिना रहनु भई १२ जूनका दिन वर्माका लागि प्रस्थान गर्नु भयो।

## थप जिम्मेवारी

पूज्य गुरुजीले निम्न आचार्यहरूलाई थप जिम्मेवारी सुम्पिनु भएको छ।

१. डा. रूप ज्योति तथा श्रीमती वीणा ज्योति
   - नेपाल अधिराज्यका लागि क्षत्रीय आचार्य
२. श्री यद्दु कुमार सिद्धि
   - धर्म प्रचार तथा प्रसारमा सेवा
३. अनागारिका रत्न मञ्जरी
   - धर्म प्रचार तथा प्रसारमा सेवा
४. नानी मैया मानन्धर
   -पालि प्रशिक्षण तथा नेपाली प्रकाशनमा सेवा
५. श्री आनन्द राज तथा श्रीमती नानी मैजु शाक्य
   - धर्म श्रृंग तथा धम्म जननीमा सेवा
६. श्री उत्तम रत्न तथा श्रीमती ज्ञानी धाख्वा
   - सहायक आचार्यको शिविर सञ्चालन गर्ने समय तालिका तथा स. आ. प्रशिक्षण सेवा
७. श्री बोधि बज्र वज्राचार्य
   - केन्द्र वाहेकका अन्य शिविर (जिप्सी क्याम्प) तथा जेल शिविरमा सेवा
८. श्री वेदनाथ तथा श्रीमती मनोहरी आचार्य
   - धम्म चितवन, धम्म तराई तथा धम्म विराटमा सेवा
९. श्री भक्ति दास श्रेष्ठ
   - धर्म प्रचार तथा प्रसारमा सेवा
१०. श्री मदन तुलाधर
   - प्रशिक्षण तथा धर्म सेवक समन्वयक

## धर्म श्रृङ्गमा आगामी महिनामा हुने शिविर कार्यक्रम

१. निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस्। कमसेकम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर व्यवस्थापनामा सम्पर्क राख्नुहोस्।
२. शिविरको आरम्भ शुरुदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको विहान करीव सात बजे हुनेछ। शिविरार्थीहरू-लाई शिविर हुने दिनमा नै शिविर स्थलमा आउनु हुन अनुरोध छ।
३. शिविरमा आउँदा आफ्नो साथमा टर्च, तन्ना, ओड्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला।
४. शिविर सञ्चालन पूज्य गुरुजीद्वारा मनोनीत सहायक आचार्यबाट हुनेछ।
५. एक दिवसीय शिविर : दश दिनको विपश्यना शिविरमा बसिसकेका पूराना साधकहरू बस्न सक्नेछन्। यो शिविर अंग्रेजी महिनाको अन्तिम शनिवार सञ्चालन हुनेछ। शिविरमा बस्न आफ्नो स्थान सुरक्षित गर्नु पर्नेछ। यस्को लागि ज्योति भवनमा सम्पर्क राख्नु होला।



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| अगष्ट १-१२ | | |
| (श्रावण १७-२८) | - | १० दिवसीय |
| अगष्ट १४-२५ | | |
| श्रावण ३० - ९ भाद्र) | - | १० दिवसीय |
| सेप्टेम्वर १-१२ | | |
| (भाद्र १६-२७) | - | १० दिवसीय |
| सेम्टेम्बर १४-२५ | | |
| (भाद्र २९-९ आश्विन) | - | १० दिवसीय |
| अक्टोवर १-१२ | | |
| (आश्विन १५-२६) | - | १० दिवसीय |
| अक्टोवर २०-३१ | | |
| (कार्तिक ४-१५) | - | १० दिवसीय |
| नोभेम्वर १-१२ | | |
| (कार्तिक १६-२७) | - | १० दिवसीय |

## धम्म जननीको निर्माण

बुद्ध जीवनीसंग सम्बन्धित चार दर्शनीय स्थानहरू मध्ये लुम्बिनी एक हो। जहाँ मानव जातीको साथै प्राणीहरूको हीत सुख गर्न इच्छुक सिद्धार्थ गौतमको जन्म भएको थियो। त्यसैले यो स्थान पुण्यभूमि भयो। यस पावन भूमिमा हाल अनेक राष्ट्रका थुप्रै मन्दिर तथा विहारहरू बन्दैछन्। यसै परिसर भित्र अनेक मानिसहरूको कल्याण गर्ने उद्देशयले विपश्यना केन्द्र 'धम्म जननी' को स्थापना गरेको छ। यस केन्द्रको निर्माण कार्यको शुभारम्भ गत फाल्गुण महिनामा पूज्य गुरुजी श्री सत्यनारायण गोयन्काज्यूले गर्नुभयो। विगत तीन-चार महिनामा धम्महल तथा निवासको निर्माण भइरहेको छ। आगामी हिउँद महिनामा दश दिवसीय शिविर यसै केन्द्रमा सञ्चालन गर्ने उद्देश्य छ। शदियौंसम्म यस स्थानमा क्रमिक रुपले साधना भइरहनेछन् र मानिसहरूले तपेर आफ्नो मंगल गर्नेछन्। अहिले यसको निर्माणमा सहयोग गर्ने बेला आएको छ ताकि शिविर संचालन गर्न लायक होस्। यस अवसरमा दान गरी पुनीत हुनुहोस्। यस दानको लागि ज्योति भवनमा सम्पर्क राख्नु होला।

**(सम्पर्क लुम्बिनी विपश्यना केन्द्र, फोन नं. ०७१-८०२८२)**

## धर्म गाथा

### हिन्दी

जब से छुटी विपश्यना, बढा अंध विश्वास।
बिना चित्त निर्मल किये, करे मुक्ति की आश॥

यदि मांगे बंधन खुलें, बंढी रहे न कोय।
यदि मांगे ही सुख मिले, दुखिया रहे न कोय॥

किसी देव या ब्रम्ह से, मुक्त हुआ ना कोय।
जो चित्त को निर्मल करे, स्वत: मुक्त है सोय॥

विपश्यना के नीर से, मन के मैल उतार।
मैले मन ना हो सका, कोई भव से पार॥

अंतरमन की चेतना, लहर लहर लहराय।
काय क्रोध मद लोभ के, मैल सभी धुल जांय॥

लौटी विमल विपश्यना, अमृत घट ले हाथ।
तृषितों की तृष्णा बुझे, लोग नवावें माथ॥

### हिन्दी

कैसा कालप्रवाह है, सरिता बहता नीर।
उठ उठ गिर गिर बिखरनी, लहरें सागर तीर॥

उठती लहर समुद्र की, उठ उठ गिरती जाय।
ज्योति जगे, ऊँची उठे, उठ उठ भिरती जाय॥

जो जो भी उत्पन्न हो, भंगमान है सोय।
जो भी जन्मे, मौत के, मुँह से बचे न कोय॥

समझौता ना हो सके, मृत्युराज के साथ।
बजे नगडा कूच का, जाए खाली हाथ॥

पुष्प पल्लबित डाल पर, लिपटा बिषधर व्याल।
जीवन की मुस्कान पर, छाया काल कराल॥

ना मरनेकी लालसा, ना जीने का लोभ।
साय पडे तो चल पडे, जरा न होये क्षोभ॥

**मंगल कामना सहित**
**भाजुरत्न फर्मा**
बिरगञ्ज।

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं। फोन : ३७१६५५, ३७१००७ *असार २०५८*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं। फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital